मंगलसेन नगरपालिका नगर कार्यपालिकाका प्रमुख

श्री पदम बहादुर बोहराज्यूद्वारा प्रस्तुत

# मंगलसेन नगरपालिकाको
# आ.व.२०७९/०८० को
# नीति तथा कार्यक्रम

मंगलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मंगलसेन, अछाम
सुदुरपश्चिम प्रदेश नेपाल

२०७९ साल जेष्ठ ३१ गते मंगलबार

**उपस्थित,**

नगर उपप्रमुखज्यू,
प्रमुख प्रशासकीय अधिकृतज्यू,
मंगलसेन नगरपालिका वडा नं १ देखि १४ वडाका अध्यक्षज्यूहरु,
नगर कार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, सम्पूर्ण कर्मचारी मित्रहरु, सञ्चारकर्मी र प्रत्यक्ष प्रशारण सुनिरहनु भएका आम नगरवासी आमा बुवा दाजुभाई तथा दिदिबहिनीहरु,

1. **सर्वप्रथम,** संघीय लोकतान्त्रिक गणतन्त्र पश्चात २०७९ साल बैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको दोश्रो निर्वाचन पश्चात म पुनः नगर प्रमुख निर्वाचित भएपछि यस मंगलसेन नगरपालिकाको आर्थिक बर्ष २०७९।०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरावान्वित भएको छु । नगर कार्यपालिकाको दोश्रो पटकको नेतृत्वले नगर विकास सुशासन र समृद्धिका क्षेत्रमा सहकार्य तथा समन्वयका साथ अघि बढ्न प्रतिवद्ध छ । जुन कुरा पुरा गर्न सबै राजनीतिक दल, सरकारी तथा गैर सरकारी क्षेत्र, शिक्षक, बुद्धिजिवी, सरोकारवालाहरु र आम नगरवासीहरुको साथ सहयोग र सहकार्यका लागि आव्हान गर्दछु ।
2. मुलुकको शासन प्रणाली र समाजको अग्रगामी रुपान्तरणका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायतका विभिन्न आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु । साथै, राजनैतिक आन्दोलनका क्रममा बेपत्ता, घाइते र अपाङ्ग भएका नागरिकहरू प्रति उच्च सम्मान प्रकट गर्दै सम्पूर्ण देशभक्त नागरिकले राष्ट्र निर्माणमा पुर्याएको योगदानलाई आदरपूर्वक स्मरण गर्न चाहन्छु ।
3. स्थानीय तह सदस्य निर्वाचन २०७९ बाट निर्वाचित हुनु भएका सम्पूर्ण नवनिर्वाचित जनप्रतिनिधिहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु । मंगलसेन नगरपालिका विगतमा झै अछाम जिल्ला भित्रका स्थानीय तह, प्रदेश र संघ सरकारसँगको समन्वय, सहअस्तित्वको मान्यताबाट समग्र नगरको विकासमा दत्तचित्त भएर लाग्ने विश्वास दिलाउँदै सोही बमोजिमको अपेक्षा गर्दछु ।
4. पहिलो स्थानीय सरकार गठन हुँदा शुन्य विन्दुबाट यात्रा शुरु गरेर नयाँ अनुभव र अभ्यासका साथ निकै महत्वपूर्ण र ठोस उपलब्धिहरु हासिल गर्न उपलब्ध साधन स्रोतहरुको समुचित प्रयोग र परिचालन गर्दै जनतामा विकास निर्माण लगायतका तमाम कामहरुबाट दरिलो आशा र विश्वासको जग तयार गर्न नगरपालिका सफल भएको छ । अघिल्लो कार्यकालमा देशव्यापी महामारीको रुपमा फैलिएको कोभीड १९ संक्रमणको कारणले गर्दा हामीले सोचेजस्तो कार्य गर्न पाएनौ र हाल कोरोना महामारीको प्रभाव सामान्यीकरण हुँदै गएको अवस्थामा यस महामारीले विगतमा आर्थिक तथा सामाजिक क्षेत्रमा पारेको प्रभावलाई पुर्नस्थापित गर्ने दिशामा यो नीति तथा कार्यक्रम परिलक्षित रहेको छ । मेरो नेतृत्वको पहिलो कार्यकालमा नगरका मुख्य एवम् प्रमुख आयोजनाहरू मध्ये केही सम्पन्न भईसकेका छन् भने अन्य केही आयोजना क्रमशः सम्पन्न हुने क्रममा रहेका छन् ।

**आदरणीय नगरसभाका सदस्यहरु,**

5. **"सुखि नेपाली समृद्ध नेपाल"** को नारालाई सार्थक रुप दिन स्थानीय सरकारको विकास अनिवार्य रहन्छ । नागरिकको प्रत्यक्ष सम्पर्कको सरकारको रुपमा रहेको स्थानीय सरकारले थुप्रै चुनौतीहरुको सामना गरिरहेको छ । यसै सन्दर्भमा प्रदेश सरकारबाट शासन संचालनका लागि बनेका ऐन तथा नियमहरुले स्थानीय सरकारको मर्म र भावनालाई समेट्न नसक्दा कार्य संचालनमा कानूनी अड्चन सिर्जना भई कठिनाई उत्पन्न भईरहेको छ । यसका बावजुत पनि परिवर्तीत सामाजिक वातावरणलाई ध्यान दिदै मंगलसेन नगरपालिकाले आर्थिक बर्ष २०७९।०८० का नीति तथा कार्यक्रम तयार गरिएको छ । नीति तथा कार्यक्रम तयार पार्दा यस नगरपालिकाले निम्न बिषय र पक्षहरुलाई आधारहरुको रुपमा लिएको व्यहोरा प्रस्तुत गर्दछु ।
    - नेपालको संविधान, २०७२ को प्रस्तावना, मौलिक हक, राज्यका नीतिहरु, स्थानीय आर्थिक कार्यप्रणाली एवं एकल तथा साझा अधिकार सूची,
    - स्थानीय सरकार संचालन ऐन २०७४,
    - दिगो विकास लक्ष्य,
    - पन्ध्रौ पञ्चबर्षीय योजना,
    - नेपाल सरकारको नीति तथा कार्यक्रम,
    - संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
    - प्रदेश सरकारको नीति तथा कार्यक्रम,
    - स्थानीय तह संस्थागत स्वःमूल्याङ्कनका आधारहरु,
    - स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,
    - स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन,
    - विगतका नगरसभा र नगर कार्यपालिकाका निर्णयहरु,
    - महालेखा परीक्षकको वार्षिक प्रगति प्रतिवेदनबाट प्राप्त सुझावहरु,



CamScanner

- स्थानीय नागरिक समाज, राजनीतिक दल, बुद्धिजिवी, शिक्षक, संचारकर्मी, पूर्व जनप्रतिनिधि र विभिन्न संघसंस्थाहरुबाट प्राप्त सुझाव,
- हालसम्म प्राप्त उपलब्धी तथा अनुभव र
- श्रोत साधनको उपलब्धता, नगरको आवश्यकता एवं नागरिकको माग र चाहनालाई मध्यनजर गर्दै मंगलसेन नगरपालिकाले यो नीति तथा कार्यक्रम तयार गरेको छ ।

मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

**आदरणीय नगरसभाका सदस्यहरु,**

अब म आर्थिक बर्ष २०७८।०७९ को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त उपलब्धीहरु संक्षेपमा प्रस्तुत गर्दछु ।

6. नगरपालिकालाई कानूनी शासन मार्फत सक्षम र प्रभावकारी ढंगले संचालनका लागि २१ वटा ऐन, ९ वटा नियमावली, ३१ वटा कार्यविधि, ३ वटा दिग्दर्शन र ६ वटा निर्देशिका गरी जम्मा **७० वटा** निर्माण गरी कार्यान्वयनमा ल्याईएको छ ।
7. नगरपालिकालाई कार्यप्रक्रिया, वित्तीय प्रणाली व्यवस्थित पारदर्शी विधिसम्मत र प्रभावकारी वनाउन सफल भएका छौं ।जस अन्तर्गत प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिवेदन, २०७८ अनुसार अछाम जिल्लाका दश वटै स्थानीय तह मध्ये **प्रथम स्थान,** सुदुरपश्चिम प्रदेशमा **पाचौं स्थान** र नेपाल भर **एघारौं स्थान**मा पुर्याउन सफल भएका छौं साथै स्थानीय तह संस्थागत क्षमता स्वःमुल्याङ्कनका आधारमा जिल्लामै पहिलो स्थान पार्न सफल भएका छौं र यस्ता मूल्याङ्कनका आधारमा नगरपालिकाको कार्यसम्पादनमा सुधार आई अन्तर सरकारी वित्त हस्तान्तरण ऐन २०७४ अनुसार कार्यसम्पादनको आधारमा प्राप्त हुने समानीकरण अनुदानको हिस्सामा बृद्धि भएको छ ।
8. नगरपालिकाको केन्द्र देखि सबै वडाहरुमा सडक संजाल जोड्न सफल भएका छौं । जस अन्तर्गत करिव १.५ कि.मी. सडक ग्राभेल र सडकको नयाँ ट्र्याक करिब १५०० मिटर असार मसान्तसम्म सक्ने गरी निर्माण कार्य अगाडी वढेको र नगरभित्रका ७२ वटै सडकहरुको मर्मत तथा स्तरोन्नती गरी आम नगरवासीलाई यातायात सुविधामा सहजता ल्याईएको छ ।
9. भवन निर्माणका कार्यहरु अन्तर्गत नगरपालिकाको आधुनिक प्रशासनिक भवन, वडा कार्यालयको २ वटा भवनको निर्माण भई २ वटा भवन निर्माण भईरहेका छन, नगरका १४ वटै वडामा १६ वटा स्वास्थ्य संस्था स्थापना गरी सेवा प्रवाह गर्न सफल भएका छौं साथै ४ वटा स्वास्थ्य चौकीका भवनहरु निर्माण गरिएको छ ।
10. सुरईकोट पर्यटकीय क्षेत्रको विकासका लागि पार्क निर्माण र मंगलसेन दरबार क्षेत्र, भट्टे मालिका, सुरैकोट पर्यटकीय क्षेत्रको विकासका लागि पार्क निर्माण भईरहेको र भट्टे मालिका, सुरईकोट पर्यटकीय क्षेत्र, मालिका ठूलासैन क्षेत्र, धुम्रलोचनी, जनालीझरना, अयारको बण्ड, कैलाशमुठ, जुपु कालिका मन्दिर, चित्रे दोभान क्षेत्रको विकासका लागि कार्य भईरहेको छ ।
11. खेलकुद क्षेत्रको विकासका लागि मंगलसेन नगरपालिका वडा नं. ५ मा २० रोपनी जग्गामा मंगलसेन वृहत खेलमैदान निर्माणको कार्य निरन्तर भईरहेको छ ।
12. उज्यालो नगर बनाउने नगरपालिकाको नीति अनुरुप १३ वडामा विद्युत विस्तार भईसकेको छ र वडा नं १३ मा पनि विद्युत विस्तारको कार्य अगाडी बढिरहेको र बैकल्पिक उर्जा अन्तर्गत पालिकाका विभिन्न ४९ वटा सार्वजनिक स्थानमा सौर्य वत्ती जडान गरिएको छ ।
13. नगरपालिकाको १० वर्षे शैक्षिक योजना निर्माण गर्नुको साथै स्थानीय पाठयक्रम समेत निर्माण भएको छ साथै ५ वर्षे कार्यकालमा ८ कोठे भवन १ वटा, ४ कोठे भवन ५ वटा, २ कोठे भवन ९ वटा निर्माण तथा ICT ११ वटा , विज्ञान प्रयोगशाला ८ वटा, पुस्तकालय १० वटा विद्यालयमा स्थापना, ५ वटा विद्यालयमा खानेपानी, १ वटा घेरा पर्खाल र १ खेलमैदान निर्माण गरिएको छ ।
14. अछाम बहुमुखी क्याम्पसलाई डिग्रीसम्मको अध्यापन गर्नका लागि स्रोत साधनको व्यवस्थापन तथा कैलाश बहुमुखी क्याम्पसमा भौतिक पुर्वाधार विकास गरिएको छ र अछाम बहु प्राविधिक शिक्षालय स्थापनार्थका लागि नगरको वडा नं ३ मा ४१ रोपनी जग्गा निःशुल्क व्यवस्थापन गरिएको छ ।
15. घुम्ति ग्रामिण अल्ट्रा साउण्ड कार्यक्रम सञ्चालन गरि गर्भवतिको लागि निःशुल्क भिडियो एक्सरे सेवा प्रदान गरिएको छ साथै नगरपालिकामा लैंगिक हिंसा निवारण कोष स्थापना गरी हिंसामा परेका महिलाहरुलाई अनुदान तथा विउँ पुजी वितरण गरिएको छ ।
16. नगरपालिका क्षेत्र भित्रका ५९ जना सुत्केरी महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरीएको छ ।
17. अपाङगता भएका व्यक्तिहरुको उपचारका लागि अपाङ्ग बाल अस्पताल केन्द्र HRDC काभ्रेसँग सम्झौता गरी ६३ जनाको निःशुल्क उपचार गराईएको छ ।
18. स्वास्थ्य क्षेत्रका विभिन्न क्रियाकलाप अन्तर्गत कोरोना रोकथाम तथा नियन्त्रण, क्वारेन्टाईन निर्माण, खोप केन्द्र व्यवस्थापन, गाउँघर क्लिनिक संचालन, निःशुल्क शिवीर संचालन, मातृशिशु सुरक्षा, स्वास्थ्य उपकरण सहयोग गरिएको छ । साथै भौगोलिक विकटतालाई मध्यनगर गरी मंगलसेन नगरपालिका वडा नं १३ को बाँडामा बर्थिङ्ग सेन्टरको स्थापना गरी संचालनमा ल्याईएको छ ।
19. अछाम अस्पतालमा अक्सिजन प्लान्ट जडानको लागि र बयालपाटा अस्पताललाई व्यवस्थापन संचालन खर्च वाफत ५ ५ लाख- अनुदान सहयोग उपलब्ध गराईएको छ ।



मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

20. **"आफ्नो जग्गा आफ्नो बारी बाँझो नराखी बनाऔ हरियाली"** भन्ने नारालाई सार्थकता दिन वडा नं १२ र १४ मा आलु पकेट क्षेत्र, वडा नं ११ र १२ मा सुन्तला पकेट क्षेत्र र वडा नं ९ लाई धान पकेट क्षेत्रको रुपमा विकास गरिएको छ ।

21. नश्ल सुधारका लागि १६ जना कृषकहरुलाई उन्नत जातका बोका वितरण गरिएको छ र १ जना कृषकलाई डिपिङ्ग ट्याङ्की अनुदान सहयोग गरिएको छ ।

22. मध्यपहाडी दुग्धविकास कार्यक्रम अन्तर्गत मंगलसेन नगरपालिका वडा नं ६ का समूहमा आवद्ध कृषकहरुलाई भैसीको नश्ल सुधारका लागि राँगा वितरण एवं गोठ व्यवस्थापनका लागि अनुदान सहयोग उपलब्ध गराईएको छ र दुध उत्पादनमा बृद्धि गर्न वडा नं ७ लाई भैसी पकेट क्षेत्रको रुपमा विकास गरिएको छ ।

23. मत्स्यपालन कार्यक्रम अन्तर्गत २ जना कृषकलाई अनुदान सहयोग उपलब्ध गराईएको छ ।

24. मंगलसेन नगरपालिकाको वडा नं १३ लाई बाख्रापालन पकेट क्षेत्र घोषणा गरी कृषकहरुको आय स्तरमा बृद्धि गर्ने कार्यक्रमलाई अवलम्बन गरिएको छ ।

25. नगरपालिकाले सम्पन्न गरेका सबै काम कारवाही तथा सुचनाहरुलाई प्रविधिमैत्री बनाउन विभिन्न पोर्टल प्रविधि औजारको (स्मार्ट पालिका एप्स, पूर्वाधार व्यवस्थापन प्रणाली, पालिकाको ५ बर्षे प्रगति समिक्षा औजार तथा सरकारका अन्य पोर्टलहरु) प्रयोग गरी कार्यान्वियन गरिएको छ ।

26. विदयुतिय शासन प्रवर्द्धन गर्दै १४ वटै वडा कार्यालयमा ईन्टरनेट सेवा विस्तार, सवै वडा कार्यालयवाट अनलाईन व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा भत्ता वितरण कार्य व्यवस्थित गर्न १४ वटै वडाका लाभग्राहिहरुलाई वैङ्किक प्रणालीमा आवद्ध गरिएको छ .

27. प्रगतिशिल करको सिद्धान्त अनुसार करको दायरालाई फराकिलो पार्दै नगरपालिका भित्र संचालनमा रहेका व्यापार व्यवसाय, साना उद्योगीहरुलाई करको दायरमा ल्याई आन्तरिक राजश्व संकलनमा बृद्धि गरिएको छ ।

28. नगरपालिकाको बजेट, योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा प्रभावकारीता ल्याउन जनशक्ति व्यवस्थापनको लागि क्षमता विकास योजना र O & M तयार गरिएको छ ।

29. नगरपालिकामा १ ईजालस कक्षको व्यवस्थापन तथा १४ वटा वडालाई पायक पर्ने गरी ५ वटा मेलमिलाप केन्द्र स्थापना गरिएको छ ।

30. लैंङ्गिक उत्तरदायी बजेट परीक्षणको सुरुवात गर्नुको साथै लैङ्गिक हिंसा न्यूनीकरणका लागि सेफ हाउस, UNFPA, I PASS र CMC नेपालसँग साझेदारी गरी कार्यक्रम संचालन गरिएको छ ।

31. विपद् व्यवस्थापन तथा कार्यसंचालन निर्देशिका बमोजिम बाढी, पहिरो, हावाहुरी, आगलागी भई विपदमा परेका ६५ जना व्यक्तिहरुलाई राहत सहयोग उपलब्ध गराईएको छ ।

32. नदीजन्य वस्तु (ढुंगा, गिट्टी, बालुवा) उत्खनन गर्दा वातावरणमा पर्ने प्रभाव जोगाउन चित्रे छायतडाको वातावरणीय प्रभाव मूल्याङ्कन गरिएको छ र फोहोरजन्य वस्तुबाट समाजमा पर्न सक्ने असर तथा जैवीक फोहोरबाट ग्याँस उत्पादन गरी वैकल्पिक उर्जाको रुपमा प्रयोग गर्न सक्ने विषयमा मंगलसेन नगरपालिका वडा नं ६ मा ल्याण्डफिल्ड साईडको वातावरणीय प्रभाव मूल्याङ्कन गरिएको छ ।

33. नगरपालिकामा ५१ जनालाई पूर्ण रोजगार र करिव ८०० जनाले १०० दिन वरावरको रोजगार सिर्जना गर्नुको साथै यूवाहरुलाई स्वरोजगार मार्फत आत्मनिर्भर वनाउन लघुउद्यम कार्यक्रम, सिप विकास कार्यक्रम मार्फत ३०० जनालाई क्षमता विकास तालिम दिईएको छ ।

**आदरणीय नगरबासी आमाबुवा, दाजुभाई तथा दिदिबहिनीहरु,**

अब म मंगलसेन नगरपालिकाको आर्थिक बर्ष २०७९।०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**सार्वजनिक सेवा तथा क्षमता विकास**

34. सार्वजनिक खर्च गर्दा (उपभोक्ता, निर्माण व्यवसायी, कर्मचारी, जनप्रतिनिधि र अन्य सार्वजनिक संस्था) बाट हुने आर्थिक अनियमितता रोक्दै भ्रष्टाचारमुक्त नगर बनाउन सार्वजनिक सम्पत्तीको दुरुपयोग रोक्ने, बेरुजुको पूर्ण रुपमा नियन्त्रण गर्दै सुशासनमैत्री शासन व्यवस्थाको प्रत्यक्ष अनुभूती दिलाईनेछ ।

35. मंगलसेन नगरपालिकाको स्मार्ट पालिका एप्समा नगरपालिकाको वस्तुस्थिती विवरण (पाश्वचित्र) लाई अद्यावधिक गरी नगरपालिकाको ५ वर्षे आवधिक योजना, मध्यकालिन खर्च संरचना, राजश्व सुधार योजना, वार्षिक खरिद योजना तथा क्षेत्रगत योजना तयार गरि कार्यान्वयनमा ल्याईनेछ ।

36. **"विद्युतीय शासन, आजको आवश्यकता"** लाई मध्यनजर गरी वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरुमा ईन्टरनेटको विस्तार गरी सेवालाई छिटो छरितो जनता माझ पुर्याउन नयाँ सार्वजनीक व्यवस्थापन प्रणालीको पुर्ण रुपमा अवलम्बन गरिनेछ ।

37. वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय नगरको सेवा व्यवस्थापन गर्न संगठन व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी संरचना अनुसार जनशक्ति व्यावस्थापन तथा परिचालन गरिनेछ ।

38. राजश्व संकलन गर्न सकिने सबै सम्भावित क्षेत्रको पहिचान गरी करको दायरा बढाईने छ । साथै **जनताको कर, जनतामै लगानी** भन्ने नारालाई आत्मसाथ गर्दै राजश्व संकलन कार्यलाई प्रत्येक वडा कार्यालयबाट विद्युतिय प्रणाली मार्फत संकलन गरिने कार्यलाई विस्तार गरिने छ।



मंगलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

CamScanner

39. प्रत्येक वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालय, नगरपालिका कार्यालयमा गुनासो एवं सुझाव पेटिका, गुनासो दर्ता किताब राख्ने कामलाई निरन्तरता दिदै प्राप्त गुनासोको समयमै फछ्र्यौट गर्ने कार्यलाई अनिवार्य गरिनेछ साथै सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परीक्षणलाई नियमित गर्दै नगरपालिकाबाट सम्पादित हुने सेवालाई थप पारदर्शी, जवाफदेही, उत्तरदायी र जनमैत्री बनाइनेछ ।

40. **"नगर सरकार जनताको घर-घर"** भन्ने नाराका साथ भौगोलिक अवस्था र परिस्थितिलाई मध्यनजर गरि घुम्ती सेवा जस्तै स्वास्थ्य शिवीर, सामाजिक सुरक्षा भत्ता वितरण लगायत एकिकृत घुम्ती सेवा जस्ता कार्यक्रम संचालन गरिनेछ ।

41. नगरपालिकाबाट प्रदान गरिने सेवालाई छिटो छरितो बनाउन कर्मचारी र जनप्रतिनिधीहरुको क्षमता विकास गर्न नगरपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सरकारी तथा गैर सरकारी संघ संस्थासंग साझेदारी कार्यक्रम गरिनेछ ।

42. नगरपालिकामा उत्कृष्ट सेवा प्रवाह तथा कार्यसम्पादनमा गर्ने जनप्रतिनिधि, कर्मचारी, शिक्षक, कृषक, संघसंस्था, करदाता तथा विभिन्न सामाजिक अभियानमा सक्रिय व्यक्तिलाई सम्मान तथा पुरुस्कृत गरिनेछ ।

43. सार्वजनिक खर्चमा मितव्यायिता अपनाउन इन्धन, सवारी साधन मर्मत, भत्ता, खाजा र विविध प्रकृतिका खर्चमा कटौती गरिनेछ ।

44. नगरपालिकाबाट हुने भुक्तानी प्रकृयालाई सहज, सरल र प्रभावकारी बनाउन विद्युतीय भुक्तानी E-Payment प्रणालीलाई प्रयोगमा ल्याइनेछ ।

45. न्याय निरुपण तथा नागरिकको पहुँचमा सुनिश्चितता र छिटो छरितोपनाका लागि वडा स्तरमा मेलमिलाप केन्द्र स्थापनालाई विस्तार गर्ने र नगरमा हेल्प डेस्कको स्थापना गरिनेछ ।साथै हिंसामा परेका महिलाहरुको उद्धारको लागि १४ वटै वडाहरुमा महिला सेल गठन गरी परिचालन गरिनेछ ।

46. नगर क्षेत्रको शान्ति सुरक्षा तथा अमन चयन कायम गर्न नगर क्षेत्रका वडा नं १३ बस्ती र वडा नं १४ कालागाउँमा अस्थायी प्रहरी चौकी स्थापना गर्नको लागि सम्बन्धित निकायमा पहल गरिनेछ । साथै नगर प्रहरीको भर्ना कार्य अगाडी बढाईनेछ ।

47. नगरबाट सम्पादन हुने गतिविधि तथा सेवा प्रवाहलाई जनतासमक्ष पुर्याउन सम्पूर्ण संचारका साधनहरु/संचारकर्मीसँग सहकार्य एवम् समन्वय गर्दै संचारकर्मीहरुको सिर्जनशीलता खोज अनुसन्धानलाई नगर विकासमा उपयोग गरिनेछ साथै नगरबाट प्रवाह हुने सूचना/विज्ञापन तथा कार्यक्रमलाई समानुपातिक ढंगले वितरणको व्यवस्था मिलाईनेछ ।

## आर्थिक विकास

48. **"स्वास्थ जीवनका लागि पशुजन्य उत्पादन"** भन्ने नारालाई पुरा गर्न दुध र मासुमा आत्मनिर्भरताका लागि दुग्ध उत्पादन पकेट क्षेत्रलाई नियमन गर्दै अन्य वडामा भैसीपालन गर्ने कृषकलाई अनुदानको व्यवस्था मिलाईनेछ साथै मासुको मागलाई आपूर्ती गर्न बाख्रा पकेट क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

49. **"स्थानीय उत्पादन, कृषिमा प्रवर्द्धन"** अन्तर्गत कालिज, स्थानीय जातका कुखुरा र बंगुरपालन व्यवसाय गर्ने कृषकलाई अनुदानको व्यवस्था गर्दै स्थानीय जातका पशुपंक्षिहरुको संरक्षण गर्न, पशुपंक्षीजन्य उत्पादनको तथ्यांक संकलन, अध्याविक तथा अभिलेखिकरण गर्ने कार्यलाई व्यवस्थित गरिनेछ ।

50. पशुपंक्षी उपचार तथा परामर्श सेवालाई वडा स्तरमा थप प्रभावकारी रुपमा विस्तार गर्न पशु सम्बन्धि विशेषज्ञ एक जना भेटेरीनरी डाक्टर व्यवस्था गरिने र वडा स्तरमा रहेका पशु सेवा प्राविधिकहरुलाई विभिन्न किसिमका तालिमहरुको व्यवस्था गरी दक्ष बनाई परिचालन गरिनेछ ।

51. आ.व. २०७९।०८० लाई कृषि जैविक विवीधता वर्षको रुपमा मनाउने सरकारको निर्णयलाई आत्मसाथ गर्दै लोपोन्मुख वाली (कोदो, भटमास, कागुनो) लगायतका रैथाने बालीलाई संरक्षण गरि उत्पादन बृद्धि गराउने कार्यमा सहयोग पुर्याइनेछ ।

52. नगरवासीहरुको पोषण सुधारका लागि **"एक घर एक करेसाबारी बाह्रै महिना तरकारी"** भन्ने नारालाई आत्मसाथ गर्दै करेसाबारी स्थापनाका लागि तरकारी मिनिकिट वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

53. नगरपालिका भित्र उत्पादन भई मूल्य तथा बजार नापाएका छिटो बिग्रिने र नबिग्रिने तरकारी र खाद्धान्नलाई निजि तथा सहकारी संस्था संगको सहकार्यमा सितगृह तथा फुड बैंक निर्माण तथा संचालन गरी यस नगरलाई तरकारी र खाद्धान्नमा आत्मनिर्भर बनाउन प्रदेश र संघ सरकारसंग समन्वय गरिनेछ ।

54. विउ उत्पादन कार्यक्रम अन्तर्गत उत्पादन क्षेत्रको पहिचान गरि खाद्धान्न तथा तरकारी बालिको उत्पादकत्व बढाउन **"आफुलाई चाँहिने बीउ आफै उत्पादन गरौं"** भन्ने मुल नारालाई सफल बनाउन बालिमा लाग्ने रोग किरा पहिचान गरि बालि संरक्षणमा सहयोग पुर्याउन बालि उपचार शिविरका साथै माटो परिक्षण शिविर संचालन गरिनेछ ।

55. मानवीय तथा वातावरणीय स्वस्थता र बाली उत्पादनमा बृद्धिका लागि रासायनिक मल तथा विषादीको प्रयोगलाई निरुत्साहित गरि प्रांगारिक मल तथा जैवीक बिषादी प्रयोगलाई प्रोत्साहन गरीनेछ ।

56. फलफुल उत्पादनलाई बृद्धि गर्न वडा नं ११ र १२ लाई सुन्तला पकेट क्षेत्र संचालन कार्यक्रमलाई निरन्तरता दिँदै फलफुल विकास कार्यक्रमका लागि ओखर, नास्पाती, आरुबखडा, आँप, केरा, अम्बा, मेवा, अनार जस्ता फलफुलका विरुवा पचास प्रतिशत अनुदानमा वितरण गरि फलफुल विकास कार्यक्रम संचालन गरिनेछ ।

57. प्राकृतिक प्रकोपका कारण किसानको उत्पादनमा हुने क्षति न्यूनीकरण गर्न कृषि तथा पशु बिमामा सहुलियत दिनका साथै कृषि राहत कार्यक्रम संचालन गरिनेछ ।



मंगलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मंगलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

58. **"हाम्रो लगानी, हाम्रो उत्पादन"** भन्ने नारालाई सार्थक तुल्याउन नगर क्षेत्र भित्र उत्पादित कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग संचालनलाई प्रोत्साहन गरिनेछ ।

59. लघु उद्यम कार्यक्रम अन्तर्गत संचालित हुने कार्यक्रमलाई थप वडाहरुमा सिकर्मी, डकर्मीहरुलाई आधुनिक सिप विकास सम्बन्धि तालिम संचालन गरिनेछ ।

60. **"एक घरधुरी एक शेयर सदस्य"** अभियान सञ्चालन गरि सवै नागरिकलाई सहकारिमा आवद्ध गराईने छ ।

61. सहकारी संस्थालाई प्रभाकारी वनाउन विभिन्न क्षमता वृद्धीका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ र सहकारी संस्था संगको साझेदारी कार्यक्रम सञ्चालनको लागि सम्भाव्यता अध्ययन गरि आवश्यक प्रक्रिया अगाडि वढाईनेछ साथै सबै सहकारी संस्थालाई कोपोमिसमा आवद्ध गरिनेछ ।

62. डिभिजन सहकारीमा दर्ता भई हाल सञ्चालनमा नरहेका सहकारी संस्थालाई नियमन गरिनेछ,साथै उत्कृष्ट सहकारीलाई प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरिनेछ ।

63. समुदायमा छरिएर रहेको विभिन्न घुम्तिकोषलाई पुनः परिचालन गर्ने नीति नियमन र सञ्चालनको लागि आवश्यक पहल गरिनेछ ।

64. यूवा संग नगरप्रमुख कार्यक्रम अन्तर्गत रोजगार सृजनाका लागि सडक मर्मत समुह निर्माण गरि परिचालन गरिनेछ ।

## सामाजिक विकास

65. अछाम बहु प्राविधीक शिक्षालयमा अध्ययन अध्यापनमा कार्य सुरु गर्न आवश्यक पहल गरिनेछ, प्राविधीक उच्च शिक्षा अध्ययनका लागि गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृति उपलब्ध गराउने व्यवस्था गरिनेछ । साथै नगर क्षेत्रका विशिष्टीकृत बिषयमा अनुसन्धान खोज गर्ने व्यक्तिलाई प्रोत्साहनको व्यवस्था मिलाईनेछ ।

66. उच्च शिक्षालाई गुणस्तर, अनुसन्धानमुखी र जीवन उपयोगी बनाउन नगरका २ वटै क्याम्पसलाई अनुदानको व्यवस्था मिलाईनेछ ।

67. स्थानीय पुस्तकालय तथा वाचनालय स्थापना, सिकाई केन्द्रको, विकास एवं व्यवस्थापन गरिनेछ ।

68. अपाङ्गता भएका, टुहुरा, असहाय वालवालिकाहरुको तथ्याङ्क अध्यावधिक गर्दै विद्यालयमा जान नसक्ने बालबालिकाहरुलाई विशेष शिक्षा कार्यक्रम संचालनलाई विशेष प्राथमिकताका साथ निरन्तरता दिइनेछ र जोखिम परिस्थितिमा रहेका बालबालिकाहरुको लागि बालसंरक्षण कोषको स्थापना गरिनेछ ।

69. दिवा खाजालाई ब्यवस्थित गर्न खाजाघरको व्यवस्थापन गर्दै गुणस्तरीय शिक्षाको प्रवर्धन गर्न अवलोकन भ्रमण, सिकाइ केन्द्र, बालउद्यान आदिको स्थापना गरिनेछ ।

70. बालशिक्षालाई गुणस्तरीय तथा प्रभावकारी बनाउन बालविकास सहयोगी कार्यक्रतालाई क्षमता विकास तालिम प्रदान गरिनेछ र एक वडा एक नमुना बालविकास केन्द्र स्थापाना गरिनेछ ।

71. **"सबैका लागि जीवन उपयोगी शिक्षा"** भन्ने नारालाई मूर्त रुप दिन विभिन्न शैक्षिक कार्यक्रमहरु संचालन गरिनेछ ।

72. मंगलसेन नगरपालिका भित्रका प्रारम्भिक बालशिक्षा तथा विद्यालयहरुको गुणस्तर अभिवृद्धि गर्न तालिमको नीति सहित विद्यार्थीको मापदण्ड बमोजिम विद्यालयको नक्शांकनका आधारमा अनुमती र गाभ्ने(मर्ज)नीति लिईनेछ र विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी अभाव रहेका विद्यालयमा दरबन्दी मिलान र नगर शिक्षक अनुदान कार्यलाई निरन्तरता दिईनेछ ।

73. संस्थागत विद्यालयको दर्ता र नवीकरणको आधारमा अनुगमन गरि आवश्यक मापदण्डका आधारमा थप कक्षा संचालन अनुमति प्रदान गर्ने कार्यलाई प्रभावकारी बनाईनेछ ।

74. नगर क्षेत्रका सवै वालवालिकालाई आधारभूत तहसम्म शिक्षा उपलब्ध गराउने राष्ट्रिय नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

75. विद्यालय बाहिर रहेका बालबालिका, किशोर किशोरी लक्षित गरी अभिभावक शिक्षा कार्यक्रम संचालन गरिनेछ।

76. **"युवाका लागि खेलकुद तथा राष्ट्का लागि योगदान"** भन्ने मुल नाराका साथ माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि नगरस्तरीय खेलकुद प्रतियोगिता संचालन गरिनेछ।

77. **स्थानीय भाषा कला, तथा लोक संस्कृति** लाई संरक्षण एंवम सम्वर्द्धन गरिनेछ ।

78. युवाहरुलाई बिदेशीनुबाट रोक्न कृषि, पर्यटन तथा साना उद्यम व्यवसाय क्षेत्रमा युवा स्वरोजगार मुलक कार्यक्रम संचालन गरिने छ ।

79. राज्यले अवलम्बन गरेको समावेशी सिद्धान्त बमोजिम विकासका हरेक गतिविधिमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरिने छ।

80. महिनावारी व्यवस्थापन अभियानलाई सफल पार्न संघ संस्थाहरुको सहकार्यमा आमा समुह परिचालन गरी कार्यक्रम संचालन गरिनेछ ।

81. एकल महिला दलित अल्प संख्यक फरक क्षमता भएका व्यक्ति लगायतका लक्षित वर्गको क्षमता विकासको लागि सीपमूलक तथा आयमूलक कार्यक्रम संचालन गरिनेछ।



मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

82. लैङ्गिक तथा गरिबमुखी योजना छनौट गरि कार्यान्वयनमा विशेष पहल गरिने छ । साथै दलित र महिलाहरुको नेतृत्व विकासका लागि क्षमता विकास तालीम तथा प्रशिक्षण कार्यक्रम सन्चालन गरिनेछ ।

83. स्वास्थ्य संस्थाहरुको सवलीकरण तथा स्रोत साधनयुक्त बनाई प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गरिनेछ । साथै भौतिक संरचना भएका दुर्गम वस्तीका स्वास्थ्य संस्थामा जनशक्ती व्यवस्थापन गरिनेछ ।

84. **स्वास्थ्य विमा कार्यक्रमलाई** प्रभावकारी रुपमा टोल बस्तीस्तरसम्म लिने विषेश गरि कमजोर अवस्था भनि पहिचान भएका मुटु रोगी, क्यानसर पिडीत, मृगौला रोगी लगाएतका गम्भिर प्रकृतिका दिर्घ रोगी भएका व्यक्तिहरुको निःशुल्क स्वास्थ्य विमा गरिनेछ ।

85. खोप सेवा ,पोषण सेवा,सुरक्षित मातृत्व सेवा,प्रजनन तथा परिवार योजना सेवाको साथै विद्यालय भित्र तथा विद्यालय बाहिर समेत वृहत यौनिकता शिक्षा कार्यक्रम प्रर्वद्धन गरिने छ । र रोग नियन्त्रण सेवा लगायत अन्य सेवाहरुलाई निरन्तरता दिईनेछ ।

86. राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अनुसार निदान केन्द्र, नसिंग होम तथा स्वस्थ्य संस्थाको क्लिनिक दर्ता ,संचालन अनुमति र नियमनको साथै निजि अस्पताल, पोलिक्लिनिक र औषधि पसलहरुलाई विज्ञ टोलि बनाई कानुन बमोजिम अनुगमन र नियमन गरीने छ ।

87. महिला तथा बालबालिकाको कुपोषणलाई न्यूनिकरण तथा रोकथामल गर्न **" एक घर करेसाबारी, पोषणयुक्त नगरबासी"** भन्ने मुलनारालाई सफल बनाउन बहुक्षेत्रिय पोषण योजनालाई निरन्तरता दिई पोषण संवेदनशील र पोषण बिशेष कार्यक्रम संचालन गरी पोषण युक्त नगर बनाईनेछ र ३५ दिन भित्र जन्मदर्ता गराउने आमालाई पोषण भत्ताको व्यवस्थाको निरन्तरता दिईने छ ।

88. स्वास्थ्य जीवन शैली, पोषणयुक्त खाना, दैनिक शारीरिक व्यायम, आयुर्वेद चिकित्सा र योगा अभ्यास जस्ता स्वस्थ रहने कार्यक्रमलाई विद्यालय कार्यक्रम मार्फत प्रवर्द्धन गरिने छ ।

89. आधारभूत स्वास्थ्य सेवालाई सबै नागरीकको सहज पहुँच योग्य र गुणस्तरीय बनाउन अनुगमन, नियमन र व्यावस्थापनलाई थप प्रभावकारी बनाईनेछ ।

90. विभिन्न संघ संस्था तथा संचार माध्यामहरु संग समन्वय गरी वा साझेदारी कार्यक्रम मार्फत स्वास्थ्य सरसफाई सम्बन्धि जनचेतना मुलक कार्यक्रम अभिवृद्धि गरी लागु पदार्थ ओसार पसार तथा दुव्र्यसनी नियन्त्रणका लागी साझेदारी नीति अवलम्बन गरीने छ ।

91. स्वस्थ नगरबासी अभियान, महिला संग उपमेयर कार्यक्रम, सरकार प्रमुख संग अभिभावक कार्यक्रम जनप्रतिनिधि संग बाल बालिका कार्यक्रम ,स्वास्थ्य संस्थामा सरकार प्रमुख कार्यक्रम,बिद्यालय स्वस्थ बिध्यार्थि अभियान, बिद्यालय मुख स्वस्थ अभियान,गाउँ घर स्वास्थ्य जाँच कार्यक्रम,स्वास्थ्य संस्थामा सरकार प्रमुख कार्यक्रम,स्वास्थ्य संस्थालाई अनुदान कार्यक्रम, सरसफाईयुक्त स्वास्थ्य संस्था परिसर कार्यक्रम, गर्भवति महिला र आफन्तको रक्त समुह पहिचान कार्यक्रम जस्ता महत्वकांक्षी र फलदापी कार्यक्रम संचालन गरीने छ ।

92. पूर्ण गर्भवती जाँच तथा पूर्ण खोप दिगोपनाको सुनिश्चितताको लागि सुत्केरी सेवा र पोषणयुक्त वडा क्रमागत रुपमा घोषणा गर्नुको साथै खोप भण्डारणको लागि कोल्ड चेनको व्यवस्थापन गरिनेछ ।

93. महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरुलाई स्वास्थ्य सुधारमा पुर्याउनु भएको भुमिकालाई थप सशक्तिकरण गर्ने तथा समायनुकुल सुविधा प्रदान गर्न थप प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ ।

94. नगर भित्रका प्रत्येक सार्वजनिक निकाय, संघ संस्थानमा स्तनपान कक्ष निमार्णको कार्यलाई निरन्तरता दिईनेछ ।

95. नगरपालिका भित्र शव वहानको व्यवस्था गर्नका साथै नगर भित्र रहेका मसानघाटहरुमा प्रतिक्षालय स्थापना निर्माण गरिनेछ ।

96. प्रदेश सरकार, विभिन्न सरकारी तथा गैर सरकारी संघ, संस्था क्लव संग समन्वय र साझेदारी गर्दै , मंगलसेन बजार क्षेत्रको फोहोर, अव्यवस्थित नाली व्यवस्थापन तथा खानेपानीका लाईनहरुलाई भुमिगत गर्नको लागि आवश्यक पहल गरिनेछ ।

97. पानीका मुहान संरक्षणका लागि सबै वडाहरुमा अभियान संचालन गर्ने र पानीको स्रोत घट्न नदिन रिचार्ज पोखरी निर्माण गरिनेछ ।

98. वृहत लिफ्ट खानेपानीलाई व्यवस्थित गरी बजार क्षेत्रमा खानेपानीको सहज आपूर्तीको व्यवस्थाका साथै नगरका सबै घरधुरीमा **एक घर, एक धारा** स्वच्छ खानेपानी लाईन विस्तारमा सहयोग गरिनेछ ।

99. मंगलसेन नगरलाई सरसफाईयुक्त नगर वनाउन दिर्घकालिन गुरुयोजना निर्माण गर्ने, फोहोरको वर्गिकरण गर्दै सड्ने गल्ने खालका फोहरवाट प्रांगारिक मल उत्पादनका लागि नीजि क्षेत्र संग सहकार्य गर्ने, शिशी तथा प्लाष्टिकमुक्त नगर बनाइने, मंगलसेन नगरपालिकाको मुख्य बजार क्षेत्रको सार्वजनिक स्थानमा वास सुविधा सम्पन्न सार्वजनीक शौचालय निर्माण गर्ने, बजारको ढल, नाली तथा सेफ्टी ट्याङ्की सरसफाई व्यवस्थित गरी स्वच्छ वातावरण बनाउनुको साथै मंगलसेन नगरपालिका वडा नं ६ मा रहेको डम्पीङ्ग साईडलाई थप व्यवस्थित बनाईनेछ ।

100. **"नगरको शान जेष्ठ नागरिक सम्मान"** कार्यक्रम संचालन गरिनेछ ।

101. नगरको विद्युत पहुँच नपुगेको वडा नं १३ मा विद्युत विस्तार गरिनेछ र अन्य वडाका विद्युत नपुगेका टोलहरुमा विद्युत विस्तार गरि वैकल्पिक उर्जाको व्यवस्थाको लागि पनि आवश्यक पहल गरिनेछ ।

102. प्रत्येक सार्वजनिक स्थान तथा देवस्थलहरुमा सौर्य बत्तीको व्यवस्था गरिनेछ ।

103. विपन्न नागरिकलाई निःशुल्क सुधारिएको चुलो तथा सौर्य बत्ती उपलब्ध गराईने छ ।

104. नगर क्षेत्रभित्र रहेका ग्रामिण तथा बजार सडकहरुको नगरको मापदण्ड अनुसार कायम हुने गरी स्तरोउन्नती गर्न रोलर, ट्याक्टर लगायतका निर्माण साधनहरुको व्यवस्थापन गरि वाह्रै महिना सडक संचालनको व्यवस्था मिलाईनेछ ।

105. राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयनका लागि कार्ययोजना निर्माण गरि कार्यान्वयन गरिनेछ ।

106. बाढी पहिरोको उच्च जोखिममा रहेको समुदाय तथा घरपरिवारलाई सुरक्षित स्थान तथा बसोवासको व्यवस्था गरिनेछ ।

107. बजार क्षेत्र, एकिकृत बस्तीको पहिचान, एकरुपता कायम गर्न एकै प्रकारको डिजाईन र आकर्षण भवनहरुको निर्माणलाई प्रोत्साहन गरिनेछ । साथै सार्वजनीक भवन निर्माण गर्दा अपांग मैत्री, बाल मैत्री संरचना निर्माणमा जोड गरिनेछ ।

108. विभिन्न कारणले जग्गाधनी प्रमाण पुर्जा गुमाएका परिवारलाई जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराउनका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

109. राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जोखिम अवस्थामा रहेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई हेलिकप्टर मार्फत समयमै सुविधा सम्पन्न अस्पतालमा पुर्याउन जिल्ला अस्पतालबाट टाढा तथा यातायातको पहुँचमा भौगोलिक रुपमा विकट रहेका यस नगरका २ वटा स्थानहरु वडा नं १३ को बस्ती र वडा नं १२ को छापडाँडामा हेलिप्याड निर्माण गरिनेछ ।

110. पर्यटनलाई विकास गर्न जैविक विविधता संरक्षणको लागि नगरभित्रका ताल, झर्ना, वन जंगल संरक्षणको नीति लिईनेछ ।

111. मंगलसेन दरबारको निर्माण कार्य सम्पन्न गर्न लगाई उचित प्रयोगका लागि पहल गर्दै नगर क्षेत्रका देवल, शिवालयहरु संस्कृति तथा पुरातात्विक सम्पदाको पुर्ण संरक्षण सम्वर्द्धनका लागि तथ्यांक संकलन गर्ने, सुचीकृत गर्ने र प्रभावकारी कार्यान्वयनका लागि पहल गरिनेछ र नगर क्षेत्रमा पिकनिक स्पोर्ट निर्माण गर्नको लागि सम्भाव्यता अध्ययन गरिनेछ साथै झाडफुङ्गा देवस्थललाई धार्मिक पार्कको रुपमा विकास गरिनेछ ।

**पूर्वाधार विकास**

112. **"स्वास्थ्यका लागि खेलकुद राष्ट्का लागि खेलकुद"** भन्ने मुल नाराका साथ मंगलसेन वृहत खेल मैदानमा कर्बर्ड हल सहितको अत्याधुनिक पूर्वाधारहरु निर्माणका लागि नगरपालिका ,प्रदेश सरकार र संघीय सरकारको साझेदारीमा निर्माण गरिनेछ ।

113. नगर भित्र ठुला आयोजना संचालन गर्दा वातावरणिय प्रभाव मुल्यांकन र विस्तृत परियोजना प्रतिवेदन तयार गरेर मात्र संचालन गरिनेछ ।

114. नगर क्षेत्र भित्रका मंगलसेन कालागाउँ र मंगलसेन बस्ती सडक ग्राभेल तथा कालोपत्रे गर्न संघ र प्रदेश सरकार साझेदारीमा निर्माण कार्य संचालन गरिनेछ ।

115. अछाम दरवार परिसरमा हरित पार्क निर्माण गरी दरवार क्षेत्रलाई पर्यटकिय स्थलको रुपमा विकास गरिनेछ ।

116. सेवा प्रवाहलाई छिटो छरितो र व्यवस्थित बनाउन वडा कार्यालयका प्रशासनिक भवन, स्वास्थ्य चौकी भवन र विद्यालयका भवन निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

117. वडा क्षेत्रका खानेपानी, सिचाई, विद्युत विस्तार, मन्दिर निर्माण, सडक मर्मत तथा सम्भार गरिनेछ ।

118. नगर क्षेत्र भित्रमा उत्पादन हुने कृषि उपजलाई बजारीकरण गर्न कम्तीमा २ स्थानमा सहकारी तथा नीजि क्षेत्रसँगको साझेदारीमा तरकारी संकलन केन्द्र स्थापना गरिनेछ ।

**नगर सभा सदस्य ज्यूहरु**

119. हालसम्म हासिल भएका राजनीतिक सामाजिक तथा आर्थिक, उपलब्धीलाई संस्थागत गर्दै आगामी विकासको क्रमलाई थप गतिशिल बनाउन नगरपालिकाले तय गरेका नीति तथा प्रदेश र संघीय सरकारका कार्यक्रमहरु, दिगो विकासका सिद्धान्तहरु साथै आवधिक योजना कार्यान्वयनका लागि आधार तय गर्दै सुशासनको प्रत्याभूती हुने गरि प्रभावकारी र नतिजामुखी सेवा प्रवाह तथा विकास निर्माण गर्दै नगर र नगरवासीको हित, स्वतन्त्रता र सम्मान अभिबृद्धि हुने दृढ विश्वासका साथ यो नीति तथा कार्यक्रम प्रस्ताव पेश गरेको छु ।

120. प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नगरको दीगो विकास र आम नागरिकमा विकासको समान सहभागिता र समानता ल्याउदै, स्थानीय स्रोत र साधनको समुचित रुपमा उच्चतम परिचालन गराउने र आम नागरिकको दैनिक जीवन स्तरमा प्रत्यक्ष परिवर्तन गराउने छ भन्ने विश्वास लिएको छु ।

121. **अन्त्यमा** नगरपालिकाको यो नीति तथा कार्यक्रम तर्जुमाको क्रममा सुझाव दिने, समन्वय र सहयोग गर्नुहुने राजनीतिक दल, शिक्षक, बुद्धिजीवी, राष्ट्रसेवक कर्मचारी, नीजी क्षेत्र ,गैर सरकारी संघसंस्था ,श्रमिक वर्ग ,नागरिक समाज ,आम सञ्चार जगत लगायत सम्पूर्ण नगरवासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनमा सदाझैं नगरपालिकालाई सबैबाट पूर्ण सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

धन्यवाद ।

२०७९ साल जेष्ठ ३१ गते मंगलबार ।

मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन अछाम सुदूरपश्चिम प्रदेश, नेपाल



CamScanner